मितिः २०८२/०८/२१

श्री माननीय मुख्यमन्त्री ज्यू
मुख्यमन्त्री तथा मन्त्री परिषदको कार्यालय
धनगढी, कैलाली ।

विषयः प्रतिवेदन पेश गरेको बारे ।

उपरोक्त विषयमा मिति २०८२/०७/२८ गतेका दिन यस प्रदेशका वन सम्वन्धी विविध सवालहरुका सम्बोधनको लागि मेरो संयोजकत्वमा विभिन्न सरोकारवालाहरुको प्रतिनिधित्व हुनेगरी १७ सदस्यीय कार्यदल गठन भएकोमा सो समितिका सदस्यहरुसँग विभिन्न मितिमा बैठक बसी प्रत्येक बुँदा बुँदामा छलफल गरी आन्दोलनरत पक्षहरुबाट पेश भएको २५ (पच्चिस) बुँदे मागका सम्वन्धमा सुझावहरु सहितको पाना १२ (बाह) को प्रतिवेदन आवश्यक निर्देशन तथा कार्यान्वयनका लागि यसै साथ पेश गरेको ब्यहोरा सादर अनुरोध छ । साथै सुदूरपश्चिम प्रदेशको वन सम्पदाको व्यवस्थापनका लागि सुझाव पेश गर्न दिनुभएको जिम्मेवारीका लागि हार्दिक धन्यवाद ।

०८२/०८/२१.

हेम राज बिष्ट
संयोजक तथा प्रदेश वन निर्देशक
वन निर्देशनालय, धनगढी

श्रीमान् सचिवज्यू
श्री उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
धनगढी, कैलाली ।

मिति : २०८२।०८।०९

विषय :- प्रतिवेदन पेश गरिएको सम्बन्धमा ।

प्रस्तुत विषयमा मिति २०८२ कार्तिक २८ गतेका दिन सुदूरपश्चिम प्रदेश सरकारका माननीय मुख्यमन्त्री श्री कमल बहादुर शाहज्यूको समुपस्थिति एवम् वन व्यवस्थापनमा सँलग्न समुदायका प्रतिनिधि तथा सरोकारवालाहरु समेतको सहभागितामा यस प्रदेशका वन सम्बन्धी विविध सवालको सम्बोधनको लागि गठित कार्यदलका पदाधिकारीहरु विभिन्न मितिमा बैठक बसी आन्दोलनरत पक्षबाट पेश भएको २५ (पच्चिस) बुँदे मागका सम्बन्धमा ब्यापक छलफल गरी हरेक बुँदामा उल्लेखित मागको सम्बोधनका लागी सुझावहरु सहितको पाना १२ (बाह्र) को प्रतिवेदन यसैसाथ सँलग्न राखी कार्यान्वयनार्थ पेश गरिएको ब्यहोरा अनुरोध छ ।

<u>प्रतिवेदन पेश गर्ने</u>

| | |
|---|---|
| श्री हेमराज बिष्ट, प्रदेश वन निर्देशक, वन निर्देशनालय धनगढी | संयोजक |
| श्री बिजयराज ओझा, कानून अधिकृत, उ प वन तथा वा मन्त्रालय | सदस्य |
| श्री पुष्कल बहादुर बम, बसन्ता वन संरक्षण क्षेत्र | सदस्य |
| श्री राज बहादुर ऐर, लालझाडी मोहना वन संरक्षण क्षेत्र | सदस्य |
| श्री डण्डिराज सुवेदी, एन फेकोफन | सदस्य |
| श्री यादब भण्डारी, एकोफन | सदस्य |
| श्री ओम प्रकास सापकोटा, सामुदायिक वन समन्वय समिति | सदस्य |
| श्री पुनाराम चौधरी, सामुदायिक वन सहजिकरण समिति | सदस्य |
| श्री जय प्रसाद न्यौपाने, नेफग | सदस्य |
| श्री कृत बहादुर बिष्ट, नेपाल पत्रकार महासंघ सु प प्रदेश समिति | सदस्य |
| श्री हिक्मत कुँवर, वन पैदावार तथा पर्यावरण व्यवसायी प्रदेश महासंघ | सदस्य |
| श्री दान बहादुर थापा, वन अधिकृत, उ प वन तथा वा मन्त्रालय | सदस्य |
| श्री भरत प्रसाद श्रेष्ठ, उपसचिव, उ प वन तथा वा मन्त्रालय | सदस्य सचिव |

## वन व्यवस्थापनका सवाल सम्वोधन गर्न गठित कार्यदलको बैठकमा भएका छलफल र सुझाव सहितको निर्णयहरु

| ज्ञापनपत्रमा उठाइएका विषयहरु/मागहरु | सुझाब सहितको निर्णय | कैफियत |
| --- | --- | --- |
| १) दिगो वन व्यवस्थापन (सिल्भिकल्चर सिस्टम) कार्यविधि तयारी र स्वीकृत गरि तत्काल कार्यान्वयन गरिनु पर्ने । | • संघीय वन नियमावली २०७९ को नियम १५ को उपनियम (१) मा राष्ट्रिय वनको व्यवस्थापन गर्दा वनको अवस्था अनुसार वनको दिगो व्यवस्थापनको लागि स्थानीय समुदायको परम्परागत ज्ञान, प्रथाजनित अभ्यास, सामुदायिक सहभागिता सहितको निर्णय र सुशासनमा आधारित रही उपयुक्त वन सम्वर्द्धन प्रणाली (सिल्भिकल्चर सिस्टम) अपनाउनु पर्नेछ भनि उल्लेख भएको ।<br>• सुदूरपश्चिम प्रदेश वन ऐन २०७७ को दफा १८ को उपदफा (२) मा डिभिजनल वन अधिकृतले राष्ट्रिय वनको व्यवस्थापन गर्दा उपयुक्त वन सम्वर्द्धन प्रणाली अपनाई स्वीकृत वन ब्यवस्थापन कार्ययोजनाको अधिनमा रही सरकारद्वारा ब्यवस्थित वन, चक्ला वन, साझेदारी वन, वन संरक्षण क्षेत्र, सामुदायिक वन, धार्मिक वन, कबुलियति वन वा यस्तै अन्य वन ब्यवस्थापन पद्दति अबलम्बन गर्नु पर्नेछ भनि उल्लेख भएको ।<br>• वन तथा वातावरण मन्त्रालयले बनाएको दिगो वन ब्यवस्थापनको राष्ट्रिय मापदण्ड २०८१ मा प्रदेशहरुले पनि आ-आफ्नो प्रदेशमा दिगो वन व्यवस्थापन सम्बन्धी | |

| ज्ञापनपत्रमा उठाइएका विषयहरु/मागहरु | सुझाव सहितको निर्णय | कैफियत |
|---|---|---|
| | कार्यविधी तयार गरी सम्बन्धित निकायबाट स्वीकृत पश्चात लागु गर्न सक्ने व्यवस्था गरेको ।<br>• लुम्बिनी, कर्णाली, गण्डकी, बाग्मती, मधेस र कोसी प्रदेशमा मापदण्ड तयार गरी दिगो वन व्यवस्थापन (सिल्भिकल्चर सिस्टममा आधारित) कार्यविधि स्वीकृत गरी कार्यान्वयनमा समेत आइसकेकोले यस प्रदेशमा पनि यो कार्यक्रम तत्काल लागु गर्न उपयुक्त हुने ।<br>• साथै यस प्रदेशका समुदायमा आधारित वन उपभोक्ता समूहका विभिन्न सरोकारवाला छाता संस्थाहरुबाट पनि दिगो वन व्यवस्थापन कार्यक्रम कार्यान्वयनका लागि माग भई आइरहेको हुँदा यो प्रतिवेदन पेश भएको मितिले १ महिना भित्र कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याउनका लागि सुझाव सहित अनुरोध गर्ने । | |
| २) प्रचलित नियम अनुसार दिगो वन व्यवसथापन कार्ययोजना निर्माण र वन व्यवस्थापन योजना अनुसार काठ दाउरा संकलन तथा व्यवस्थापन गर्न प्रदेश सरकारबाट घुम्ती कोष तथा बैंक ऋणको रुपमा आवश्यक बजेटको व्यवस्थापन गर्न सहयोग गर्नु पर्ने । | • उपभोक्ता समूहभित्र वन ब्यवस्थापन कार्ययोजना निर्माण एवम् काठ दाउरा सङ्कलन गर्नका लागि रकमको अभाव हुने हुँदा उपभोक्ता समूहबाट सामुदायिक वन/साझेदारी वनहरुमा आर्थिक तथा वित्तीय सुशासन कायम गर्न बाधा पुग्ने देखिएकोले उपभोक्ता समूहहरुमा आर्थिक तथा वित्तीय अनुशासन अभिबृद्धि गर्नुका साथै वन क्षेत्रमा हुने आर्थिक कृयाकलापहरुमा पारदर्शिता कायम गर्न रकम अभाव भएका उपभोक्ता समूहलाई उपलब्ध गराउन प्रदेश सरकारले यथेष्ट रकम विनियोजन गरी | |

| ज्ञापनपत्रमा उठाइएका विषयहरु/मागहरु | सुझाब सहितको निर्णय | कैफियत |
|---|---|---|
| | घुम्तिकोषको व्यवस्था सहित यसको परिचालनको लागी चालु आ.व. २०८२।०८३ मा कार्यविधि बनाई जारी गर्न प्रदेश सरकारलाई सिफारिस साथ अनुरोध गर्ने । | |
| ३) वन नियमावली २०७९ को नियम ६४ मा साझेदारी वनबाट संकलन भएको काठ दाउराको ७० प्रतिशत साझेदारी वन उपभोक्ता समूह र ३० प्रतिशत नेपाल सरकार (डिभिजन वन कार्यालय) मा बाँडफाँड हुने व्यवस्था रहेकोले सुदूरपश्चिम प्रदेश सरकारबाट आ.व. २०८२।०८३ को आर्थिक ऐनमा सामुदायिक तथा साझेदारी वन उपभोक्ता समूह भित्रको विक्रि वितरणबाट प्राप्त हुने आम्दानीको १० प्रतिशत र बाह्य विक्रि वितरणबाट प्राप्त हुने आम्दानीको १५ प्रतिशत रकम प्रदेश संचित कोषमा र १० प्रतिशत रकम सम्बन्धित स्थानीय तहको संचित कोषमा जम्मा गर्नु पर्नेछ भनि दोहोरो, तेहोरो र चौहोरो (संघ, प्रदेश, स्थानीय तह र आन्तरिक राजश्व कार्यालय) कर व्यवस्था गरिएकोले वन व्यवस्थापन मै असर पर्ने हुँदा उक्त कर प्रणाली खारेज गरी एकद्वार प्रणाली लागु गर्नु पर्ने । | • विभिन्न प्रदेशहरुले आन्तरिक खपतमा लगाएको करको दर समेत विश्लेषण गर्दा यस प्रदेशमा वन पैदावारको आन्तरिक विक्रि वितरणबाट प्राप्त आम्दानीको ५ प्रतिशत कर कायम गर्न सिफारिस गर्ने ।<br>• एकद्वार प्रणालीबाट कर सङ्कलनका लागि संघीय सरकारका जिम्मेवार निकायहरुमा लिखित रुपमा अनुरोध गर्नका लागि प्रदेश सरकारलाई अनुरोध गर्ने ।<br>नोट : उपभोक्ता समूह बाहिर वन पैदावार बिक्रि वितरणबाट प्राप्त आम्दानी बापत प्रदेश सरकारलाई बुझाउनु पर्ने करका सम्बन्धमा उपभोक्ता समूहका उपस्थित प्रतिनिधिहरुको तर्फबाट यसै आ.व. मा १० प्रतिशत करको दर कायम गर्न माग भएको । | |

| ज्ञापनपत्रमा उठाइएका विषयहरु/मागहरु | सुझाव सहितको निर्णय | कैफियत |
|---|---|---|
| ४) वन उपभोक्ता समूह नाफामूलक समूह नभई संरक्षण तथा व्यवस्थापनमा आधारित अविच्छिन्न उत्तराधिकारी स्वशासित संगठित संस्था रहेको र साधारण सभाबाट वार्षिक योजना अनुमोदन तथा स्वीकृती गरी कार्यान्वयन गरिने हुँदा कुनै विशेष कारण आर्थिक वर्षको अन्तिममा आम्दानी भई तथा खर्च हुन बाँकी रही लेखापरिक्षण प्रतिवेदनमा बचत देखिन गएमा समूहको नाफा भएको मानी आन्तरिक राजश्व कार्यालयबाट बचत रकमको २५ प्रतिशत रकम असुल गर्ने व्यवस्था गरिएको हुँदा सो रकम वन ऐन, नियम तथा समूहको विधान र वन कार्ययोजना अनुसार आम्दानी र खर्च गरिने हुँदा नाफा नभएकोले बचत रकमको २५ प्रतिशत राजश्व मानी असुल गर्ने व्यवस्था खारेजी गर्न आवश्यक सहजीकरण गरिनु पर्ने । | • वार्षिक आम्दानीबाट बचत भएको रकमको २५ प्रतिशत रकम आन्तरिक राजश्व कार्यालयमा बुझाउनु पर्ने व्यवस्था रहेकोमा उक्त व्यवस्याले गर्दा कतिपय सामुदायिक वन उपभोक्ता समूहहरुले उक्त कर बुझाउनबाट बञ्चित हुनको लागि आफ्नो खर्च बढाउने र बचत रकम घटाउने प्रयोजनका लागि वर्षको अन्त्यतिर रकमलाई अनावश्यक कार्यहरुमा समेत खर्च गर्ने प्रवृत्ती बढ्न गई आर्थिक विक्रिति बढ्दै गएको देखिन्छ ।<br>• वन उपभोक्ता समूह नाफामूलक संस्था नभई सरकारबाट व्यवस्थापनका लागि हस्तान्तरण गराइएको वनको व्यवस्थापन गरी प्राप्त हुने आम्दानीलाई सोहि वनको संरक्षण एवम् व्यवस्थापनमा नै खर्च गर्ने कानूनी व्यवस्था रहेको हुँदा समूहको वार्षिक आम्दानी मध्ये बचत रकमको २५ प्रतिशत रकम कर बापत तिर्नु पर्ने कानूनी प्रावधानलाई हटाउनका लागि सिफारिस गर्ने ।<br>• काठ दाउरा संकलन तथा बिक्रि वितरण गर्दा कानून बमोजिम सरकारले तोकेको कर/राजश्व/मु.अ.कर/टि.डि.एस. सबै तिरेको अवस्थामा बचत हुन गएको उक्त रकम सामुदायिक वनको व्यवस्थापन तथा सामुदायिक विकासमा योजनाबद्ध तबरले खर्च गर्दा बचत रकममा २५ प्रतिशत थप कर लाग्ने व्यवस्था उचित नभएको । | |

| ज्ञापनपत्रमा उठाइएका विषयहरु/मागहरु | सुझाब सहितको निर्णय | कैफियत |
|---|---|---|
| ५) संघिय वन नियमावली २०७९ मो दफा २२ को उपदफा ४ मा व्यवस्था भए बमोजिम समूहको घाटगद्दीमा रहेको काठ दाउरा आन्तरिक खपत गरी बाँकी रहेको काठ मध्ये २५ प्रतिशत काठ जिल्ला आपूर्ति समितिलाई उपलब्ध गराउने व्यवस्था गर्नुपर्ने । | • प्रदेशको कानूनलाई संघीय कानून अनुकूल बनाउन आन्तरिक खपत गरी बाँकी रहेको काठ मध्ये २५ प्रतिशत काठ जिल्ला आपूर्ति समितिलाई उपलब्ध गराउने व्यवस्थाका लागि सुझाव प्रदान गर्ने । | |
| ६) संघिय वन नियमावली २०७९ र सुदूरपश्चिम प्रदेश वन नियमावली २०७८ मा बाझिएका नियम तथा उप नियमहरु संसोधन गरी कार्यान्वयन गरिनु पर्ने । | • संघीय कानून सँग बाझिएका विषयमा एकरुपमा कायम गर्न सुदूरपश्चिम प्रदेश वन ऐन र नियमावलीको संशोधन मस्यौदामा समावेश भैसकेको बुझिन आएको हुँदा सोहि बमोजिम हुने । | |
| ७) वन उपभोक्ता समूहले वन ऐन २०७६ को दफा १८ अनुसार उपभोक्ताहरुले स्वतन्त्र रुपमा मुल्य निर्धारण गरी बिक्रि वितरण गर्न पाउने अधिकार सुनिश्चित गर्न सहजिकरण गरिनु पर्ने । | • प्रचलित कानून बमोजिम कार्यान्वयन गर्न सुझाव दिने । | |

| ज्ञापनपत्रमा उठाइएका विषयहरु/मागहरु | सुझाव सहितको निर्णय | कैफियत |
|---|---|---|
| ८) साझेदारी वन र सामुदायिक वनका सवालहरु ओझेलमा पर्न गई वन ऐन र नियम अनुसार कार्यान्वयनमा समस्याहरु उत्पन्न भईरहेकाले तत्काल प्रदेश स्तरिय कार्यशाला गोष्ठी संचालन गर्नु पर्ने । | • गोष्ठि तथा अन्तर्क्रियाको थालनी भएको र आगामी दिनमा समेत निरन्तरता दिई आइपरेका महत्वपूर्ण सवालहरु, सफल अभ्यास तथा सिकाई लगायतका विषयमा प्रत्येक आ.व.मा कम्तीमा एक पटक प्रदेशस्तरीय कार्यशाला गोष्ठी तथा अन्तर्क्रिया मार्फत समाधान गर्ने प्रयास गर्न सुझाव प्रदान गर्ने । | |
| ९) सामुदायिक वनको स्वीकृत वन कार्ययोजना अनुसार वन क्षेत्र भित्र भएका ताल तलैयाहरुमा व्यवस्थापन गर्न स्थानिय निकायबाट हस्तक्षप गर्ने गरिएकाले समूहको अधिकार सुनिश्चित गर्न सहजिकरण गरिनु पर्ने । | • संघीय कानूनमा भएको व्यवस्थालाई प्रभावकारी कार्यान्वयन गर्न गरिनु पर्ने कार्यहरुलाई विश्लेषण गरी कार्यान्वयनमा ल्याउने। | |
| १०) वन उपभोक्ता समूहको स्वीकृत वन व्यवस्थापन कार्ययोजनाको वार्षिक परिमाण अनुसार ढलापडा, सुखडखडा रुखबाट काठ दाउरा संकलन गर्न वार्षिक परिमाण भन्दा वढी परिमाण भएमा पनि काठ दाउरा संकलन गर्न सकिने व्यवस्था गरिनु पर्ने साथै वन पैदावार संकलन सहज सरलरुपमा सव | • प्रचलित वन ऐन तथा नियमावलीमा व्यवस्था गरिएका प्रावधानलाई अक्षरशः पालना गर्न सुझाव दिने ।<br>• ऐन कानून बमोजिम वार्षिक स्वीकार्य कटान परिमाणको परिधि भित्र रही काठ सङ्कलन गर्दा क्रमशः ढलापडा, सुखडखडा, हैसियत बिग्रिएका रुखबाट संकलन गर्ने र सोबाट संकलन गर्दा समेत परिमाण अपुग हुन गएमा हरियो रुखबाट सङ्कलन गर्न पाउने व्यवस्था गर्ने । | |

| ज्ञापनपत्रमा उठाइएका विषयहरु/मागहरु | सुझाव सहितको निर्णय | कैफियत |
|---|---|---|
| डिभिजन वन कार्यालयबाट सहमति दिई काठ दाउरा संकलन तथा वितरण गर्नेगरि व्यवस्था गर्नु पर्ने । | • विगतमा वैज्ञानिक वन कार्ययोजना लागु भएका वन समूहहरुको हकमा आ.व. २०८२।०८३ बाट स्वीकृत संक्षिप्त वन कार्ययोजनामा उल्लेखित वार्षिक स्वीकार्य परिमाणको वन पैदावार क्रमशः ढलापडा, सुखडखडा, हैसियत बिग्रिएका रुखबाट संकलन गर्ने र सोबाट संकलन गर्दा समेत परिमाण अपुग हुन गएमा हरियो रुखबाट सङ्कलन गर्न पाउने व्यवस्था गर्ने । | |
| ११) दक्ष जनशक्ति र वन उपभोक्ता समूहहरु लाई क्षमता विकासका तालिम कार्यक्रमहरु संचालन गरिनु पर्ने । | • वनसँग सरोकार राख्ने सरोकारवालाहरुलाई प्रचलित कानूनी प्रावधानका साथै वन तथा जैविक विविधता संरक्षण सम्बन्धी वन सहजकर्ता उत्पादन र परिचालन लगायतका विविध विषयहरुमा क्षमता अभिबृद्धि तालिमको व्यवस्था गर्ने। | |
| १२) विधान तथा दिगो वन व्यवस्थापन (वन संवर्धनमा आधारित) कार्ययोजना तयारी गर्दा लागत खर्चको मापदण्ड तयारी गरि एक रुपता कायम गरिनु पर्ने । | • सम्बन्धित जिल्लाले स्वीकृत गरेको जिल्ला दररेट अनुसार प्राविधिक लागत अनुमान तयार गरी समूहलाई सहयोग गर्ने । | |
| १३) सरकारी तथा गैह्र सरकारी भवन तथा संरचना निर्माण गर्दा अनिवार्य स्वदेशी काठ प्रयोग गर्ने व्यवस्था गरिनु पर्ने । | • नेपाल सरकारबाट प्राप्त परिपत्र अनुसार सरकारी एवम् सार्वजनिक संरचना निर्माण कार्यमा स्वदेशी काठ प्रयोगलाई अनिवार्य गरिएको हुँदा सरकारी संरचना निर्माण गर्दा स्वदेशी काठ र स्वदेशी उत्पादलाई अनिवार्य प्रयोग गर्ने । | |

| ज्ञापनपत्रमा उठाइएका विषयहरु/मागहरु | सुझाव सहितको निर्णय | कैफियत |
|---|---|---|
| १४) व्यक्तिगत तथा सस्थागत वन अतिक्रमण भएका क्षेत्रमा राजनीतिक रुपमा संरक्षण भई रहेकाले सो क्षेत्र खाली गरि संरक्षण गर्नुपर्ने । | • अतिक्रमण नियन्त्रण रणनीति २०६८ लाई प्रभावकारी कार्यान्वयन गर्न आवश्यक पर्याप्त जनशक्ति तथा बजेटको व्यवस्था गरी सरोकारवालाहरु समेतको सहयोग र समन्वयमा अतिक्रमण नियन्त्रण कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन मार्फत वन क्षेत्र कायम गरी व्यवस्थापन गर्ने । समुदायद्वारा व्यवस्थित वनको हकमा सम्बन्धित समूहलाई आफ्नो वन क्षेत्रमा थप अतिक्रमण हुन नदिने र पुराना अतिक्रमण हटाउने । | |
| १५) नदी तथा चुरे क्षेत्रमा ढुङ्गा, गिट्टी र वालुवा ठेक्कापट्टा IEE र EIA प्रतिवेदन अध्ययन, अनुगमन, मुल्यौंकन गरि प्रभावकारी रुपमा कार्यान्वयन गरिनुपर्ने । | • सुदूरपश्चिम प्रदेशको नदीजन्य पदार्थ सङ्कलन तथा व्यवस्थापन कार्यविधिमा भएका व्यवस्था बमोजिम तोकिएका जिम्मेवार निकायहरुलाई आ-आफ्नो काम कर्तव्य र जिम्मेवारीलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न सम्वन्धित निकायहरुलाई समय समयमा प्रदेश सरकारका तर्फबाट समन्वय सहजिरण एवम् आवश्यकता अनुसार निर्देशन गर्न सुझाव दिने ।<br>• स्थानीय तहहरुलाई स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन बमोजिम गर्न गराउन सुझाव दिने । | |

| ज्ञापनपत्रमा उठाइएका विषयहरु/मागहरु | सुझाव सहितको निर्णय | कैफियत |
|---|---|---|
| | • नदीजन्य पदार्थ सङ्कलन हुने स्थान सँग सम्बन्धित स्थानीय तहसँग समय समयमा स्थलगत रुपमा अनुगमन गरी छलफल एवम् समीक्षा गर्न प्रदेश सरकारका तर्फबाट पहल गर्ने । | |
| १६) काष्ठ तथा गैह्र काष्ठ उघोग संचालनमा व्यक्ति तथा समूहलाई अनुदान तथा सहुलियत बैंक ऋणको व्यवस्था गरिनु पर्ने । | • घरेलु तथा साना उद्योग कार्यालयबाट वन समूहलाई काष्ठ एवम् गैरकाष्ठ वन पैदावार प्रशोधन केन्द्र स्थापना र सञ्चालनका लागी अनुदान उपलब्ध गराउने प्रयोजनका लागि डिभिजन वन कार्यालयको सिफारिसमा बैंक तथा वित्तीय संस्थाबाट सहुलियतपूर्ण ऋण उपलब्ध गराउन सकिने व्यवस्थाका लागि कार्यविधि निर्माण गरी कार्यान्वयन गर्ने । | |
| १७) काठ तथा गैह्र काष्ठ आन्तरिक खपत भई बाँकी रहेको काष्ठ तथा गैह्र काष्ठ प्रशोधन गरि विदेश निकासी गर्न सहजिकरण गरिनु पर्ने । | • विदेशबाट काठ आयात लाई निरुत्साहित गर्न तथा देश बाहिर निर्यात गर्ने कार्यलाई प्रोत्साहन गर्ने नीति तर्जुमा र कार्यान्वयन गर्न नेपाल सरकारलाई अनुरोध गर्ने । | |
| १८) प्रदेश र स्थानिय सरकारको योजना तर्जुमामा सहभागीता र वन उपभोक्ता समुहको माग अनुसार वजेटको व्यवस्था गरिनु पर्ने । | • प्रदेश सरकार अन्तर्गत डिभिजन वन कार्यालयहरुमा विनियोजन हुने अधिकांश बजेट तथा कार्यक्रमहरु वन उपभोक्ताहरुको क्षमता अभिवृद्धि, समूह शसक्तिकरण, वन संरक्षण, सम्बर्द्धन तथा सदुपयोग, वन विकास, जैविक विविधता संरक्षण लगायतका क्रियाकलापहरुमा विनियोजन भई सोही बमोजिम कार्यान्वयन हुने गरेको छ । यसलाई आगामी आर्थिक वर्षहरुमा समेत निरन्तरता दिइनेछ । | |

| ज्ञापनपत्रमा उठाइएका विषयहरु/मागहरु | सुझाव सहितको निर्णय | कैफियत |
|---|---|---|
| | • योजना तर्जुमाको समयमा आवश्यक पर्ने बजेट कार्यक्रम तथा प्राथमिकताका क्षेत्रहरु सम्बन्धित डिभिजन वन कार्यालय मार्फत प्रदेश सरकारमा पेश गरिनेछ । | |
| १९) संघिय, प्रदेश र स्थानिय सरकामा वन क्षेत्रबाट संकलन भएको राजस्व वन उपभोक्ता समुहको दिगो वन व्यवस्थापनमा सहयोग पुग्ने गरि योजनामा निर्माण गरिनु पर्ने । | • प्रदेश सरकारबाट डिभिजन वन कार्यालयहरुलाई प्राप्त हुने बजेटलाई वन संरक्षण र व्यवस्थापन सम्बन्धी कार्यहरुमा प्राथमिकताका साथ विनियोजन गरी कार्यान्वयन गर्नु पर्ने ।<br>• स्थानीय तहहरुले वडास्तर देखि पालिकास्तर सम्मका योजना तर्जुमा प्रकृयामा सामुदायिक वन उपभोक्ता समूहहरुलाई सहभागी गराउने ।<br>• वन क्षेत्रबाट सङ्कलन भएको स्थानीय तहको आयलाई वन क्षेत्रको विकासमानै खर्च गर्न प्राथमिकता दिने । | |
| २०) डिभिजन वन कार्यालय, वन उपभोक्ता समुह तथा अन्य निकायबाट काठ दाउरा तथा गैह्र काष्ठ वन पैदावार लिलाम विक्रि गर्दा अनिवार्य ई–टेन्डर मार्फत लिलाम गर्ने व्यवस्था गरिनु पर्ने । | • वन सम्बर्द्धन प्रणालीमा आधारित सबै किसिमका (सरकारद्वारा व्यवस्थित, सामुदायिक, साझेदारी) वन व्यवस्थापनबाट उत्पादन हुने काठ दाउरा बिक्री गर्दा अनिवार्य रुपमा ई-टेन्डर विधि अपनाउने व्यवस्था मिलाउने ।<br>• रु २५ लाख रकम भन्दा माथीको मूल्य कायम भएको काठ दाउरा लाई अनिवार्य यथासिघ्र ई-बिडिङ्ग प्रकृयाबाट लिलाम बिक्री गर्नु पर्ने। | |

| ज्ञापनपत्रमा उठाइएका विषयहरु/मागहरु | सुझाब सहितको निर्णय | कैफियत |
|---|---|---|
| २१) दिगो वन व्यवस्थापन (वन सम्वर्द्धनमा आधारित) वन व्यवस्थापन कार्ययोना वनेका वन उपभोक्ता समुहहरुमा अनिर्वाय सफ्टवेयर सिष्टम बाट अभिलेख तथा लेखा राख्ने व्यवस्था गरिनु पर्ने । | • अभिलेख राख्ने प्रयोजनका लागि छुट्टै प्रदेश डाटाबेस बनाई सञ्चालन गर्ने । | |
| २२) वन उपभोक्ता समुहले वन पैदावार, अन्य बाट प्राप्त आम्दानी र जनश्रमदान समावेश गरी GDP मा वन क्षेत्रको योगदान देखिनु पर्ने । | • वन क्षेत्रको ग्रस डोमेस्टिक प्रोडक्सन (GDP) मा वन क्षेत्रको योगदान खुल्नेगरी अध्ययन र विश्लेषण गर्न प्रदेश सरकार मार्फत नेपाल सरकारलाई अनुरोध गर्ने । (अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक, राष्ट्रिय योजना आयोग, केन्द्रिय तथ्याङ्क विभग) | |
| २३) राष्ट्रिय वन तथा वन उपभोक्ता समूहको वन क्षेत्र भित्र बेवारिसी तथा दहत्तर बहत्तर काठ दाउरा समयमै सलन गर्न नसक्दा प्रत्येक वर्ष हजारौ क्यूफिट काठ दाउरा भारत वगेर गईरहेको प्रदेशलाई करोडौं राजस्व नोक्सानी भईरहेकाले खोलाबाट वगेर आईरहेको काठ दाउरा तत्काल सुरक्षित स्थानमा घाटगद्दी र व्यवस्थापन गर्ने कानुनी व्यवस्था गरिनु पर्ने। | • बेवारिसे काठ दाउरा सङ्कलन तथा विक्रि वितरण सम्वन्धमा वन ऐन २०७६, वन नियमावली २०७९ र सुदूरपश्चिम प्रदेश वन ऐन २०७७ तथा नियमावली २०७८ मा कानूनी व्यवस्था रहेको हुँदा उक्त कानूनी व्यवस्यालाई पर्याप्त बजेट विनियोजन मार्फत प्रभावकारी कार्यान्वयन गरिनेछ ।<br>• दहत्तर बहत्तर काठ दाउरा तुरुन्त वगेर जाने, नष्ट हुने, बिलाउने सम्भावना रहेमा तत्काल सङ्कलन गरी घाटगद्धिमा सुरक्षित स्थानमा राखु पर्नेछ । | |

| ज्ञापनपत्रमा उठाइएका विषयहरु/मागहरु | सुझाव सहितको निर्णय | कैफियत |
|---|---|---|
| | • दहत्तर बहत्तर सङ्कलन वन क्षेत्र बाहिर सम्वन्धित स्थानीय तहले गर्ने र वन क्षेत्र भित्र सम्बन्धित डि.व.का. ले गर्ने ।<br>• वन उपभोक्ता समूहको वन क्षेत्र भित्र भए सम्वन्धित समूहले सुरक्षित स्थानमा घाटगद्धि गर्ने । | |
| २४) घाटगद्धिमा रहेका काठ दाउरा लिलाम बिक्री वितरण तत्काल फुकुवा गरिनु पर्ने । (डिभिजन वन कार्यालय कैलाली र पहलमानपुर) | • नियमानुसार तत्काल फुकुवा गर्ने । | |
| २५) काठ लिलाम सिन्डिकेट खारेज । | • ई-विडीङ्ग विधि मार्फत लिलाम प्रक्रिया अगाडी वढाई काठ लिलाम विक्रि कार्यलाई पारदर्शी, प्रतिस्पर्धात्मक बनाउने । | |